# भूमिसुधार कार्यालय, काठमाडौंका विश्वराज मरासिनीले नक्कली मोही कायम गरी फैसला गरेको भन्ने उजुरी छानविन प्रतिवेदन

## १. उजुरीको संक्षिप्त व्यहोरा

केन्द्रवाट प्राप्त उजुरीमा "काठमाडौंका भूमिसुधार अधिकारी विश्वराम मरासिनी र फाँटवाला राजन भण्डारीवाट नक्कली मोही भनि दाबी गरिएको विपक्षी जित वहादुर र पत्नी मिठुको नाउँमा फैसला गर्दा करिब आठ आना जग्गा पाउने गरि हालको मूल्य ८० लाख रकम लिएको भनि अधिकारको दुरुपयोग र भ्रष्टाचार गरी फैसला गरेको"

## २. प्राप्त उजुरीका सम्बन्धमा भए गरेको वास्तविक तथ्यगत विवरण

दहचोक इन्द्र देवता गुठीको लगतमा दर्ता भएको साविक दहचोक गा.वि.स. वडा नं.७को कि.नं. ११८ को क्षे.फ.१-१-०-० र ऐ ऐ कि.नं.१२० को क्षे.फ. १-३-१-० जग्गाहरु खास जोताहा मोहीले दर्ता गर्न पाउने नियमानुसार दर्ता गरी ज.ध. प्रमाण पुर्जा पाउँ भन्ने का.जि.दहचोक वस्ने नारायण प्रसाद सिग्देलको मिति २०५२/११/२ को काठमाडौ गुठी तहसिल कार्यालय, कालमोचनमा परेको निवेदन तथा उक्त कि.नं.११८ र १२० को जग्गा नाउसारी गरी पाउँ भन्ने कान्छो भन्ने लाल वहादुर सार्कीको निवेदन सम्वन्धमा मोही कायम गर्न विवाद देखिंदा सम्वन्धित निकायवाट हक कायम गरी ल्याएका वखत सोही बमोजिम गर्ने गरी मिति २०५३/२/२८ मा काठमाडौ गुठी तहसिल कार्यालयवाट आदेश भएको देखिन्छ।

श्री पुनरावेदन अदालत,पाटनवाट मोही सम्वन्धमा तेरो मेरो निर्णय दिने अधिकार भूमिसुधार कार्यालयलाई भएको हुँदा मोही म कान्छो भन्ने लाल वहादुर सार्की भएकोमा उक्त जग्गाको मोही मैले कसैलाई छाडेको छैन मोहीको प्रमाण पत्र पाउँ भन्ने का.जि.दहचोक गा.वि.स.वडा नं.७ वस्ने कान्छो भन्ने लाल वहादुर सार्कीको निवेदन सम्वन्धमा मिति २०६६ माघ ५ गते भूमिसुधार कार्यालय, काठमाडौवाट कान्छो भन्ने लाल वहादुर सार्कीले मोहीयानी हकको प्रमाण पत्र पाउने ठहर्छ भनि निर्णय भएको देखिन्छ।

उक्त निर्णयका सम्वन्धमा नारायण प्रसाद सिग्देलले श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेकोमा सो अदालतको मिति २०६७ पौष ५ गतेको निर्णयले भूमिसुधार कार्यालय, काठमाडौको मिति २०६६/१०/५ को फैसला सदर हुने ठहर भएको देखिन्छ।

मोहीको विषयमा वादी नारायण प्रसाद सिग्देल र प्रतिवादी मंगलानन्द उपाध्याय समेत भएको मोही कायम मुद्दामा २०६६/१०/५ मा भूमिसुधार कार्यालय काठमाडौवाट भएको डिसमिस फैसला त्रुटिपूर्ण देखिंदा बदर गरी पूनः मुद्दा दर्ता गरी कारवाही गरी किनारा गरी दिनुहोला भन्ने पुनरावेदन अदालत पाटनको मिति २०६९/३/१३ को फैसलाको सम्वन्धमा प्रतिवादी मिठू सार्की लगायतले सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा सर्वोच्च अदालतको

२०७४ माघ २८ गतेको फैसलावाट पुनरावेदन अदालतको २०६९/३/१३ को फैसलालाई सदर ठहऱ्याएको देखिन्छ।

उक्त डिसमिस आदेश विरुद्ध पुनरावेदन अदालत पाटनको फैसला र सो फैसलालाई सर्वोच्च अदालतवाट समेत सदर भएको हुँदा सो बमोजिम नारायण प्रसाद सिग्देलले भूमिसुधार कार्यालय काठमाडौमा मोही हक कायमको निवेदन दर्ता गरी कारवाही चलि आएकोमा पिता नारायण प्रसाद सिग्देलको मिति २०७२/६/६ मा परलोक भएकोले सो मुद्दा सकार गरी कारवाही गरी पाउँ भनी किरण प्रसाद सिग्देलको माग भएकोमा भु.सु.का.मा रहेको २नं.अनुसूची, नापी कार्यालयवाट प्राप्त फिल्डवुक उतार तथा मालपोत कार्यालयको स्रेस्तामा समेत कायम रहेको मोही कान्छो भन्ने लाल वहादुर सार्कीको माग बमोजिम मोहीयानी हकको प्रमाण पत्र पाउने ठहर्छ भनी भु.सु.का.वाट २०६६/१०/५ मा भएको फैसलालाई पुनरावेदन अदालत पाटनवाट मिति २०६७/९/५ मा सदर गरेको देखिंदा उक्त कि.नं.११८ र १२० को जग्गामा किरण प्रसाद सिग्देलको माग दावी अनुसार निजका नाममा मोहीयानी हक कायम हुन नसक्ने ठहर्छ भनी  भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीवजार काठमाडौका प्रमुख मालपोत अधिकृत श्री विश्वराज मरासेनीवाट मिति २०७५/१२/२७ गते फैसला भएको देखिन्छ।

उक्त कि.नं.११८ र १२० जग्गाका मोही भूमिसुधार मन्त्रालयवाट दिइएको सुरुको मोहीयानी हकको प्रमाणपत्रमा हर्क वहादुर सार्की को छोरा कान्छो सार्की भन्ने देखिन्छ भने मिति २०६७/१२/२१ को भूमिसुधार कार्यालय काठमाडौको आदेशानुसार दिएको मोहीयानी हकको प्रमाण पत्रमा मान बहादुर सार्कीको छोरा कान्छो भन्ने लाल बहादुर सार्की देखिएको छ। दहचोक गाउँ विकास सिमितको कार्यालय, दहचोकको प.सं.०६३/६४ च.नं. ३६७ मिति २०६३/८/१३ को सिफारिस पत्रमा.. मेरो नागरिकता लिंदा मेरो बुवाको नाम मान वहादुर सार्की नाम उल्लेख गरी नागरिकता लिएको, मोहीयानी हकको प्रमाण पत्रमा बाबुको नाम हर्ष वहादुर सार्की नाम उल्लेख भएकोले उल्लेखित दुबै नाउँ र थर एउटै व्यक्ति भएको भनी सिफारिस पाउँ भनी दिएको लाल वहादुर सार्कीको निवेदन बमोजिम उक्त गा.वि.स.वाट सिफारिस पत्र दिएको देखिन्छ। तर दहचोक गा.वि.स. वाट मिति २०६८/११/१९ मा जारी भएको निज लाल वहादुर सार्कीको मृत्यु दर्ता प्रमाण पत्रमा हर्क वहादुर सार्कीको नाती मान वहादुर सार्कीको छोरा लाल वहादुर सार्की भन्ने उल्लेख भएको र चन्द्रागिरी नगरपालिका १ नं.वडा कार्यालयको मिति २०७६/८/१ को पत्रमा निज लाल वहादुर सार्कीको तिन पुस्ते विवरणमा समेत बाजे हर्क वहादुर सार्की बुबा मान वहादुर सार्की उल्लेख भएको देखिन्छ।

मोहीयानी हक सम्वन्धी भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीवजार काठमाडौंको प्रतिवादी जित कुमार रोक्का समेत भएको मोही हक कायम मुद्दामा मिति २०७५/१२/२७ गतेको निर्णय उपर वादी स्व.नारायण प्रसाद सिग्देलको मु.स.गर्ने छोरा किरण प्रसाद सिग्देलको सम्मानित उच्च अदालत पाटनमा पुनरावेदन परेको हुँदा श्री विश्वराज मरासेनीवाट भएको

मि.नं.७४/०७५/७८ को मोही हक कायमको मुद्दा मिति २०७५/१२/२७ को शुरु तथा प्रमाण मिसिलहरु समेत सम्मानित अदालतको च.नं.०५०३ मिति ०७६/५/१२ को पत्रवाट माग भई आए अनुसार भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीवजारको च.नं.४०५३ मिति ०७६/८/४ को पत्रसाथ उक्त मिसिल उच्च अदालत पाटनमा पठाईएको देखिन्छ।

## ३. निष्कर्ष

कि.नं.११८ र १२० जग्गाका मोही भूमिसुधार मन्त्रालयवाट दिइएको सुरुको मोहीयानी हकको प्रमाणपत्रमा हर्क वहादुर सार्की को छोरा कान्छो सार्की भन्ने देखिन्छ भने मिति २०६७/१२/२१ को भूमिसुधार कार्यालय काठमाडौको आदेशानुसार दिएको मोहीयानी हकको प्रमाण पत्रमा मान बहादुर सार्कीको छोरा कान्छो भन्ने लाल बहादुर सार्की देखिएको छ। उक्त जग्गाको सम्वन्धमा लाल वहादुर सार्कीले मेरो नागरिकता लिंदा मेरो बुवाको नाम मान वहादुर सार्की उल्लेख गरी नागरिकता लिएको, मोहीयानी हकको प्रमाण पत्रमा बाबुको नाम हर्ष वहादुर सार्की उल्लेख भएकोले उल्लेखित दुबै नाउँ र थर एउटै व्यक्ति भएको भनी सिफारिस पाउँ भनी दिएको निवेदन बमोजिम नै दहचोक गाउँ विकास सिमितको कार्यालय, दहचोकको प.सं.०६३/६४ च.नं. ३६७ मिति २०६३/८/१३ को पत्रवाट सिफारिस दिएको देखिन्छ।

तर दहचोक गा.वि.स.वाट मिति २०६८/११/१९ मा जारी भएको निज लाल वहादुर सार्कीको मृत्यु दर्ता प्रमाण पत्रमा हर्क वहादुर सार्कीको नाती मान वहादुर सार्कीको छोरा लाल वहादुर सार्की भन्ने उल्लेख भएको र चन्द्रागिरी नगरपालिका १ नं.वडा कार्यालयको मिति २०७६/८/१ को पत्रमा निज लाल वहादुर सार्कीको तिन पुस्ते विवरणमा समेत बाजे हर्क वहादुर सार्की बुबा मान वहादुर सार्की उल्लेख भएको देखिंदा सुरु मोहीयानी हकको प्रमाण पत्रको कान्छो सार्की भन्ने व्यक्ति लाल वहादुर सार्की नै हो भनी यकिनका साथ भन्न नसकिने अवस्था प्राप्त कागजातहरुवाट देखिएको।

## १. सुझाव

यसर्थ उजुरीमा परेका जग्गा ज.ध. इन्द्रदेवता गुठी भएको का.जि. दहचोक ७ कि.नं. ११८ को क्षे.फ.१-१-०-० र ऐ ऐ कि.नं.१२० को क्षे.फ. १-३-१-० जग्गाको मोही सम्वन्धी भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीवजारको मिति २०७५/१२/२७ को निर्णय उपर उच्च अदालत पाटनमा पुनरावेदन परेको देखिंदा सम्मानित अदालतमा विचाराधिन अवस्थामा रहेको विषय उपर केन्द्रवाट थप कारवाही गरी रहनु आवश्यक नदेखिको।

## २. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।९।२० को निर्णयः

भूमिसुधार कार्यालय, काठमाडौंका प्रमुख विश्वराम मरासिनीले नक्कली मोही कायम गरी मुद्दा फैसला गरेको भन्ने उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उजुरीसँग सम्बन्धित विषय उच्च अदालत पाटनमा विचाराधीन रहेको भन्ने सुझावमा आएको हुँदा उजुरी तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो ।